जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३४ अंक २३४ २०८२ साल बैशाख ६ गते शनिबार (19 Apr. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : आफ्नै कीर्तिमान तोड्न ... ३ पृष्ठमा : माग सम्बोधन गर्न भूमि ... ३ पृष्ठमा : युक्रेन र अमेरिकाद्वारा ...

## विकास निर्माण कार्यलाई तिब्रता दिन सुझाव



**दैनिक समाचारदाता**
**राजविराज, ५ वैशाख ।**

सप्तरीको विष्णुपुर गाउँपालिकामा स्थानिय र संघीय साँसदबीच त्यहाको विकास निर्माण कार्य बारे शुक्रबार छलफल भएको छ।

"जनता संग साँसद" नाम दिएर गाउँपालिकाको वडा नं. १ स्थित जनता माध्यमिक विद्यालयमा त्यस क्षेत्रको विकास बारे सांसद दिनेश कुमार यादव र स्थानियबीच विकास निर्माणबारे छलफल भएको हो।

सप्तरी निर्वाचन क्षेत्र नं. ३ बाट निर्वाचित साँसद यादवले उक्त क्षेत्रको विकासप्रति चासो राख्दै स्थानियको गुनासो सुन्न आयोजना गरिएको छलफलमा स्थानियहरुले जनता माध्यमिक विद्यालयको भौतिक पुर्वाधार निर्माण, सडक, शिक्षा र सिंचाईको समस्याहरु साँसद यादव समक्ष राखेका हुन्।

तत्कालिन मलेकपुर गाविसका पुर्व अध्यक्ष सुरेन्द्र प्रसाद यादवले वडा नम्बर १ स्थित १८ वर्ष देखि निर्माणाधिन अवस्थामा रहेको खानेपानी टंकीको निर्माण कार्य सम्पन्न गरि संचालनमा ल्याउने तर्फ पहल गरिदिन आग्रह गरे।

उनले तत्कालिन जमुनी मधेपुरा, मलेकपुर, कटैया र सिम्राहा सिंगियौन गरि ४ वटा गाविसमा शुद्ध खानेपानी पुऱ्याउने उद्देश्यले २०६४ साल देखि निर्माण थालिएको खानेपानी टंकी निर्माण नहुँदै जिर्ण बन्न लागेकोले त्यसलाई सुचारु गर्ने तर्फ सांसद यादवको ध्यानाकर्षण गराए।

घोरदह, मुतनी, पाँची

*बाँकी अन्तिम पृष्ठमा*

## वीरगञ्जमा निषेधाज्ञा हट्यो

**दैनिक समाचारदाता**
**पर्सा, ५ वैशाख ।**

जिल्ला प्रशासन कार्यालय पर्साले शुक्रबार बिहानदेखि वीरगञ्ज महानगर क्षेत्रमा लगाएको निषेधाज्ञा हटाएको छ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा बिहीबार बसेको जिल्ला सुरक्षा समितिको बैठकले वीरगञ्जको शान्तिसुरक्षाको स्थिति सामान्य भएकाले शुक्रबार बिहान ७:०० बजेदेखि निषेधाज्ञा हटाउने निर्णय गरेको हो।

"स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६(३क) बमोजिम वीरगञ्ज महानगरका केही क्षेत्रमा वैशाख १ गतेदेखि निषेधाज्ञा शुक्रबार बिहान ७:०० बजेदेखि लागू हुने गरी हटाउने निर्णय भएको छ।" जिल्ला सुरक्षा समितिको निर्णयमा भनिएको छ।

गत शनिबार हनुमान् जयन्तीका अवसरमा आयोजित शोभायात्रामा दुईपक्षबीच झडप भएपछि महानगरका विभिन्न भागमा निषेधाज्ञा जारी गरिएको थियो।

## सरकार परिवर्तनको हल्ला असत्य हो, ढुक्कले काम गर्नुस् : प्रधानमन्त्री

चितवन, ५ वैशाख (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले ठूला दलको साझेदारीमा निर्मित वर्तमान सरकार परिवर्तनको हल्लामा कुनै सत्यता नभएकाले ढुक्कसाथ विकास निर्माणसहित सुशासनका काममा केन्द्रित हुन

*बाँकी अन्तिम पृष्ठमा*

## कार र टिपर ठोक्किदा दुई जनाको मृत्यु



**दैनिक समाचारदाता**
**बारा, ५ वैशाख ।**

बारामा शुक्रबार कार र टिपर एक आपसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ।

निजगढ-कलैया सडक खण्डमा कार र टिपर एकापसमा ठोक्किएर दुई जनाको मृत्यु भएको हो।

बाराको १३ किलो भन्ने ठाउँमा भएको दुर्घटनामा सर्लाही बरहथवा बस्ने हरिनारायण शर्मा र नाम ठेगाना नखुलेको कार चालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता विजयराज पण्डितले बताए।

पश्चिमतर्फ आउँदै गरेको बागमती प्रदेशको ०१-०२५-ख ५०७८६ र पूर्वतर्फ जादै गरेको मधेस प्रदेशको २-०३-००१- ख ०६०७ नम्बरको टिपर एक आपसमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

**बन डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं**

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँसजस्ता ज्वलनशील पदार्थहरू सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- सलाई, लाइटर तथा प्रज्वलनशील वस्तु बालबालिकाको पहुँचबाट टाढै राखौं,
- चुरोट, बिडीका ठूटा जथाभावी नफालौं । यसले आगलागिको जोखिम निम्त्याउन सक्छ,
- डढेलो नियन्त्रणमा सहभागी बनौं, स्थानीय प्रशासनलाई खबर गरौं,
- वनजङ्गलमा आगो लगाउने व्यक्तिको पहिचान गरौं र यथाशीघ्र नजिकको प्रहरी कार्यालय वा वन कार्यालयमा खबर गरौं,
- समुदायस्तरमा सचेतना फैलाऔं र वन संरक्षणमा योगदान दिऔं ।

डढेलो नियन्त्रणको अभियान, सुरक्षित वन हाम्रो पहिचान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**पशु बीमा करा के निश्चिन्त रहू**

पशुपालन देशके अर्थतन्त्रके मुख्य आधार चियै । प्राकृतिक विपद, रोग और दुर्घटनासे पशु मरैके बाद किसान सबके आर्थिक नोकसानी हैछै । तैके लागि नेपाल सरकार पशुपालन करैबाला सबके लेल पशु बीमा योजना लागू केने छै ।
गाइ, महिस, बकरी, भेंडा, सुंगर, मुर्गा सहित अन्य घरमे पालैवाला जानवरके बीमा कराबू । रोग, महामारी और दुर्घटनासे पशु मरलाके बाद बीमाके लाभ ल्याल जा सकै छै । निश्चिन्त भ्याके व्यवसायिक रूपसे पशुपालन करै ल बीमा लाभदायक छै । अधिक जानकारीकै लेल आसपासमे रहल पशु चिकित्सालय या पशु सेवा केन्द्रमे सम्पर्क करू ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## सम्पादकीय

### वैदेशिक रोजगारी र श्रमिक अभाव बारे गम्भिर बनौं

सप्तरी जिल्ला वैदेशिक रोजगारीतर्फ आकर्षित हुने प्रमुख जिल्लामध्ये एक हो । यहाँका हजारौं युवाहरू रोजगारीको खोजीमा खाडी मुलुकदेखि मलेसिया, कोरिया, जापानसम्म पुगेका छन् । उनीहरू वैदेशिक मुद्राको स्रोत बनेका छन्, जसले देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् । तर यससँगै जिल्लाभित्र श्रमिक अभावको समस्या गहिरिँदै गएको छ। कृषि प्रधान सप्तरीमा खेतीपाती, निर्माण कार्य, उद्योगधन्दा लगायतका क्षेत्रमा स्थानीय श्रमिकको माग उच्च भए पनि आपूर्ति अत्यन्त न्यून छ । फलस्वरूप भारतबाट श्रमिक निम्त्याउनुपर्ने अवस्था आएको छ। स्थानीय तहहरूमा साना उद्योग तथा निर्माण योजनाहरूमा कामदार नपाई ढिलाइ हुने अवस्था सामान्य बन्दै गएको छ ।

युवाशक्तिको विदेश पलायनले ग्रामीण अर्थतन्त्रमा गम्भीर असर परेको छ । बुढाबुढी, महिला र बालबालिकामाथि घरपरिवारको दायित्व थपिएको छ । यसले सामाजिक संरचना र सामूहिक श्रम संस्कृतिमा समेत परिवर्तन ल्याएको छ। सरकार र स्थानीय तहहरूले अब वैदेशिक रोजगारीका सकारात्मक पक्षसँगै यसको दीर्घकालीन असरबारे पनि गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । युवाहरूलाई स्वदेशमै स्वरोजगारमा आकर्षित गर्ने नीति र कार्यक्रम प्रभावकारी रूपमा लागू गर्न आवश्यक छ। कृषि यान्त्रिकीकरण, साना उद्योगमा लगानी, सीपमूलक तालिम, र सहुलियतपूर्ण ऋणजस्ता उपायले श्रम बजारलाई पुनर्जीवन दिन सकिन्छ ।

वैदेशिक रोजगारी अपरिहार्य हो तर त्यसको असर व्यवस्थापन नगर्दा यसले मुलुकको भित्री संरचना नै कमजोर पार्न सक्छ। तसर्थ जिल्लामा श्रमिक अभावले खेतीको बेला किसान पिरोलिने अवस्था आउन नदिन तिनै तहका सरकार गम्भिर बन्नु पर्छ होइन भने भविष्य अझै चुनौती थपिने निश्चित छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# आफ्नै कीर्तिमान तोड्न सगरमाथातिर लम्किँदै कामीरिता

**सिबी अधिकारी**
काठमाडौं, ५ वैशाख (रासस)।

विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण साहसिक मात्रै नभई जोखिमपूर्ण र संवेदनशील यात्रा हो । हिउँको ढिस्को पन्छाएर ढुङ्गाको पहरो छिचोल्दै चुचुरोमा पुग्नु आफैँमा साहसिक र चुनौतीपूर्ण कार्य हो । एकदुई पटक हैन ३०औँ पटक यस्तो जोखिमपूर्ण यात्रा गर्नु वा सगरमाथाको शिखर चुम्नु चानचुने कुरा होइन । विश्वविख्यात कीर्तिमानी कामीरिताका लागि भने यो काम 'पानीको पँधेरो' जस्तै भएको छ । उहाँ एकै 'सिजन'मा दुई पटकसम्म सगरमाथाको चुचुरोमा पुगेर आफ्नै 'रेकर्ड ब्रेक' गर्ने भाग्यमानी आरोही हुनुहुन्छ ।

कामीरिताले यसपटकको वसन्तयाममा ३१औँ पटक सगरमाथा आरोहण गरेर यसअघि आफ्नै नाममा रहेको विश्वकीतिर्मान तोड्न लाग्नुभएको छ । उहाँले सन् २०२३ को आफ्नै नामको २८ पटकको रेकर्ड तोड्दै सन् २०२४ मा ३०औँ पटक रेकर्ड दर्ज गर्नुभएको थियो । पुनः त्यो रेकर्ड तोड्न ३१औँ पटक सगरमाथाको शिखर चुम्न केही दिनपछि त्यसतर्फ जाने शेर्पाले राससलाई जानकारी दिनुभयो । "सगरमाथा आरोहणका लागि एक/दुई दिनपछि जाँदैछु, यो ३१ पटकको आरोहण हो । कतिपटक सगरमाथा चढ्ने भन्ने विषय आरोहण क्षेत्रको मौसम र अवस्थाले निर्धारण गर्छ", उहाँले भन्नुभयो ।

आरोही शेर्पाले सगरमाथा आरोहण कुनै रेकर्डका लागि नभई आफ्नो नियमित काम भएको जिकिर गर्नुभयो । उहाँ सेभेनसमिट ट्रेक्स प्रालिमार्फत भारतीय सेनाको टोलीलाई लिएर यसपटक सगरमाथा आरोहणमा जान लाग्नुभएको हो ।

एकतिसौँ पटक जीवनको प्रवाह नगरी जोखिमपूर्ण सगरमाथा यात्रा गर्ने आरोहीको सामाजिक सुरक्षाका लागि भने राज्यले ध्यान दिनुपर्ने उहाँको भनाइ छ । शेर्पाले हिमाल सफाइका लागि बजेट र जनशक्ति व्यवस्थापन गरिनुपर्ने खाँचो औँल्याउनुभयो । यसका साथै ३०औँ पटक सगरमाथाको चुचुरोमा पुग्दा आरोही शेर्पाले जलवायु परिवर्तनका कारण हिमाल पग्लिएकामा चिन्ता लागेको बताउनुभयो ।

सगरमाथामा पहिलोपटक मानवपाइला टेकिएको ७२ वर्षको अवधिमा ३०औँ पटक सफल आरोहणको कीर्तिमान कायम गर्ने उहाँको रेकर्ड कसैले तोड्न सकेको छैन तर प्रकृतिले भने हरेक पटकजसो सगरमाथाको प्राकृतिक स्वरुपको 'रेकर्ड' तोड्दे गएको आफूले महसुस गरेको शेर्पाले सुनाउनुभयो । "मेरो रेकर्ड कसैले तोड्न सकेको छैन । सगरमाथा आरोहणमा विश्वकीर्तिमानी कायम गर्ने एक्लो प्रतिस्पर्धीका रूपमा छु, यस हिसाबले खुसी छु तर सगरमाथाको सुरुको स्वरूपमा अहिले निकै बद्लाव आएको छ । हरेक पटक आरोहण गर्दा केही न केही समस्या देखिरहेको आभाष गरेको छु । यसले खिन्न बनाइरहेको छ", उहाँले भन्नुभयो ।

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेका ५५ वर्षीय कामीरिता कुशल पर्वतारोही पथप्रदर्शकसमेत हुनुहुन्छ । सन् १९९४ मे १३ मा पहिलोपटक सगरमाथाको चुचुरोमा पुगेका उहाँका नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ । अघिल्लो वर्षको बसन्त ऋतुमा सोलुखुम्बुकै पासाङदावा शेर्पाले २८ पटक सगरमाथा आरोहण गरेर कीर्तिमान बनाउनुभएको थियो ।

कामीरिताले सगरमाथा रेकर्ड ब्रेक गर्ने होडमा नभई आफ्नो पेसा नै हिमाल आरोहणसँग जोडिएकाले 'चढ्दा चढ्दै रेकर्ड' बनेको बताउनुभयो । सेभेन समिट ट्रेक्स प्रालिका अध्यक्ष मिङ्मा शेर्पा कीर्तिमानी कामीरिता ३१औँ पटक सगरमाथा आरोहणका लागि आफ्नो कम्पनीबाट जान लागेकामा खुसी व्यक्त गर्नुहुन्छ । "सगरमाथाको रेकर्ड राष्ट्रकै लागि गौरवको कुरा हो, यो कुनै व्यक्ति र कम्पनीको मात्रै हैन", उहाँले भन्नुभयो ।

जोखिमपूर्ण र संवेदनशील यात्राका रूपमा लिइने सगरमाथा आरोहणका क्रममा केही वीरवीराङ्गनाले सगरमाथाकै नाममा अफ्नो जीवन उत्सर्ग गरेका छन् । एक तथ्याङ्कअनुसार हालसम्म ४०० भन्दा बढी आरोहीले सगरमाथाको आरोहणका क्रममा ज्यान गुमाएका छन् । यसर्थ आरोहीहरूको सामाजिक सुरक्षामा राज्यले विशेष ध्यान दिनुपर्ने अध्यक्ष शेर्पाको भनाइ छ ।

सगरमाथा आरोही सङ्घका महासचिव शिवबहादुर सापकोटाले यस वर्ष सगरमाथासहितका हिमाल आरोहण उत्साहवर्द्धक हुने अनुमान गरिएको बताउनुभयो । उहाँका अनुसार यस याममा पनि कामीरितासहित विभिन्न आरोही नयाँ कीर्तिमान कायम गर्नेगरी जान लागेका छन् ।

पर्वतारोहणसम्बन्धी (छैटौँ संशोधन) नियमावली २०८१ जारी भएपछि कीर्तिमान राख्ने आरोहीले आरोहण अनुमति लिएर मात्रै कीर्तिमानलाई मान्यता दिइने उल्लेख छ । सोहीअनुरुप थप कीर्तिमान बनाउन आरोहीहरू सगरमाथामा लामबद्ध भएका हुन् । अघिल्लो वर्षको आरोहणमा गोरखाकी फुञ्जोझङ्मु लामाले १५ घण्टाभन्दा कम समयमै सगरमाथा आरोहण गरेर विश्व कीर्तिमान बनाउनुभयो । यस्तै, फोटो पत्रकार तथा आरोही पूर्णिमा श्रेष्ठले एकै सिजनमा तीनपटक सगरमाथा आरोहण गरेर महिला आरोहीको विश्व कीर्तिमान बनाउनुभयो ।

कुनै आरोही कीर्तिमानी गर्ने हो भने त्यसका लागि पर्यटन विभागमा निवेदन दिएर राज्यका निकायबाट अनुमति लिएर जानुपर्ने हुन्छ । पर्यटन विभागका अनुसार बुधबारसम्म यस सिजनका लागि ३० आरोही समूहका ५८ महिला र २५३ पुरुष गरी कुल तीन सय ११ जनाले सगरमाथा आरोहणका लागि अनुमति लिएका छन् । हिमाल आरोहणमार्फत रु ५२ करोड ६४ लाख रोयल्टी रकम सरकारी खातामा जम्मा भएको छ । सगरमाथाबाट मात्रै रु ४६ करोड 'रोयल्टी' सङ्कलन भएको जनाइएको छ ।

विभागका निर्देशक लिलाधर अवस्थीका अनुसार बुधबार साँझसम्म विभिन्न २१ हिमाल आरोहणका लागि ७४ आरोही समूहले अनुमति लिएका छन् । सगरमाथा आरोहणका लागि निकै कठिन मानिएको खुम्बु आइसफलसम्मको बाटो निर्माणसम्पन्न भएको विभागले जनाएको छ । आइसफलका डाक्टरहरूले खुम्बु आइसफल हुँदै रुट फिक्सिङ पूरा गरेको निर्देशक अवस्थीले बताउनुभयो । उहाँले सगरमाथाको दोस्रो शिविरसम्म बाटो बनिसकेकाले अब केही दिनमै दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउन दक्ष शेर्पाको टोली खटिने जानकारी दिनुभयो ।

सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म बटो निर्माणका लागि सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) ले जिम्मेवारी लिँदै आएको छ । पर्वतारोहण सञ्चालक सङ्घले सगरमाथाको दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउने अर्थात् 'रोप फिक्सिङ' (डोरी टाँग्ने) काम गर्नेछ । सङ्घले यो सिजनको सगरमाथा आरोहणका लागि बाटो बनाउने तथा रोप फिक्सिङको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपिडिसन कम्पनीलाई दिएको छ ।

सगरमाथा आरोहणको इतिहास दुई साहसी पर्वतारोही तेन्जिङनोर्गे शेर्पा र सर एडमन्ड हिलारीले सन् १९५३ मे २९ तारिखमा बनाउनुभएको थियो । पर्यटन विभागले प्रकाशन गरेको 'माउन्टेनरिङ इन नेपाल, फ्याक्ट एन्ड फिगर-२०२३' का आरोहण सुरु भएयता हालसम्म सात हजार ६२६ जनाले सगरमाथाको सफल आरोहण गरेका छन् । सन् २०२३ र २०२४ को आरोही सङ्ख्या जोड्दा आठ हजार बढी हुन आउँछ । आरोहीले नयाँनयाँ कीर्तिमानसमेत थप्दै आएका छन् । कतिपयले यात्राकै क्रममा ज्यानसमेत गुमाउने गरेका छन् ।

# रास्वपाको महाधिवेशन आगामी फागुनमा

काठमाडौं, ५ वैशाख (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले महाधिवेशनको अर्को मिति तय गरेको छ। रास्वपाले यही वैशाखमा महाधिवेशन गर्ने भनेपनि पार्टी केन्द्रीय कार्यालयमा जारी केन्द्रीय समितिको बैठकले आगामी फागुन ७, ८ र ९ गते चितबनमा राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी दिनुभयो ।

उहाँका अनुसार बैठकले विसं २०८२ असोजसम्म वडा अधिवेशन, कात्तिकसम्ममा पालिका अधिवेशन, मङ्सिरसम्म जिल्ला अधिवेशन, माघ १५ सम्ममा प्रदेश अधिवेशन सम्पन्न गरिसक्नुपर्ने निर्णय गरेको छ । केन्द्रीय समिति बैठकले पार्टीको संसदीय दलको उपनेता बिराजभक्त श्रेष्ठको संयोजकत्वमा गठित पार्टीको 'जन-यात्रा अभियान' को कार्यबिधि सर्वसम्मतले पारित गरेको कार्यवाहक प्रवक्ता झाले बताउनुभयो । बैठकबाट प्रादेशिक कमिटीहरुलाई अझै सशक्त बनाउँदै जिल्ला कमिटीहरुलाई सक्रिय बनाउन प्रदेश इन्चार्ज तोकेको छ ।

जसअनुसार कोशी प्रदेशमा सन्तोष परियार, मधेसमा मनिष झा, बागमतीमा लिमा अधिकारी, गण्डकीमा शिशिर खनाल, लुम्बिनीमा बिपिन कुमार आचार्य, कर्णालीमा गणेश पराजुली र सुदूरपश्चिमा हरि ढकाललाई इन्चार्ज तोकिएको छ ।

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डा स्वर्णिम वाग्लेले पार्टीले बनाउँदै गरेको 'ब्लु प्रिन्ट' बारे खाका प्रस्तुत गर्नुभएको थियो । सोसम्बन्धी पूर्ण प्रतिवेदन आगामी असार ७ गते काठमाडौँमा हुने नीति सम्मेलनमा सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो ।

# माग सम्बोधन गर्न भूमि समस्या सामाधान आयोगलाई आग्रह

काठमाडौं, ५ वैशाख (रासस)।

राष्ट्रिय कृषि बँधुवा मजदुर सङ्घर्ष समितिले भूमिसम्बन्धी आफूहरुका माग सम्बोधन गर्न भूमि समस्या समाधान आयोगलाई आग्रह गरेको छ।

यहाँ बिहीबार आयोगको कार्यालयमा आयोजित अन्तरक्रिया कार्यक्रममा समितिका प्रतिनिधिहरुले मुक्त हरवाचरवा, हलिया, कमैया, कम्लरीलगायत कृषि बँधुवा मजदुरका समस्या सम्बोधन गर्न यसअघि गरिएका प्रतिबद्धता र सहमति कार्यान्वयनका लागि आग्रह गरेका हुन्।

कार्यक्रममा सङ्घर्ष समितिका संयोजक दर्शनलाल मण्डल नेतृत्वको टोलीले आफ्ना मागबारे आयोगको ध्यानाकर्षण गराएको हो। समितिले भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासीको लगत सङ्कलन र प्रमाणीकरण गर्दा कृषि बँधुवा मजदुरमैत्री नीतिगत प्रक्रिया अवलम्बन तथा भूमि वितरणलगायत कार्य गर्दा आफूहरुबाट कुनै शुल्क नलिन माग गरेको छ। यी समूहलाई विशेष समुदायका रुपमा परिभाषित गर्दै हाल बस्दै र उपभोग गर्दै आएको स्थानमा आवासका लागि कम्तीमा दुई कट्ठा र कृषिकर्मका लागि आठ कट्ठा जमिन नघट्ने गरी व्यवस्थापन हुनुपर्ने, जमिन दिँदा शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर मापन गरी सुरक्षित स्थानमा व्यवस्थापन गर्नुपर्ने माग गरिएको छ।

आयोगले प्रदेश तथा स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्दा अधिकारवालाको हैसियतमा कृषि बँधुवा मजदुरको सहभागिता सुनिश्चित, भूमि वितरणलगायत प्रक्रियामा यी समूहलाई प्राथमिकतामा राखी कार्यारम्भ गर्न समितिको आग्रह छ। साथै, जमिन वितरण नगरुन्जेल हाल बसोबास रहेको स्थानबाट बिस्थापित नगर्न नगराउन तत्काल सबै स्थानीय तहलाई निर्देश गर्न समेत आग्रह गरिएको छ।

यसैगरी आयोगको कार्यक्षेत्र तथा नेपाल सरकार तथा मुक्त हरवाचरवा, हलिया, कमैया र कम्लरीबीच भएका सम्झौतामा देखिएका समस्या समाधान तथा अस्पष्टतालाई प्रस्ट गरी कार्यान्वयनमा लैजान माग गरिएको छ। त्यसक्रममा आयोगका विज्ञ सदस्य डा जगत बस्नेत, टेकबहादुर शाही र सदस्य गोवर्द्धन कोलीले मुक्त हरवाचरवा, हलिया, कमैया र कम्लरीको भूमिसम्बन्धी समस्या सामाधानका लागि आयोग कार्ययोजनाका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका राष्ट्रिय दलित नेटवर्क (आरडिएन) नेपालका संरक्षक गणेश विश्वकर्माले जानकारी दिनुभयो।

कार्यक्रममा सङ्घर्ष समितिका संयोजक एवं राष्ट्रिय मुक्त हरवाचरवा अधिकार मञ्चका अध्यक्ष मण्डल, राष्ट्रिय मुक्त हलिया समाज महासङ्घका अध्यक्ष ईश्वर सुनार, मुक्त कमैया समाजका अध्यक्ष पशुपति चौधरी, मुक्त कम्लरी विकास मञ्चका अध्यक्ष हिरामोति चौधरी, कमैया महिला जागरण समाज, नेपालकी अध्यक्ष कृष्णी थारु, आवास तथा भूमिअधिकार यूनियनका अध्यक्ष राजुराम भूल र आरडिएनका उपाध्यक्ष श्याम सुनारद्वारा हस्ताक्षरित संयुक्त ध्यानाकर्षणपत्र आयोगलाई बुझाइएको थियो।

# न्युयोर्कमा छैटौं मिथिला हेरिटेज कार्यशाला

न्युयोर्क (अमेरिका), ५ वैशाख (रासस)।

न्युयोर्क सिटी मेयरद्वारा घोषणा गरिएको मिथिला संस्कृति तथा फेस्टिभल दिवसका अवसरमा यहाँ 'आर्ट फर एसडिजिज: मिथिला हेरिटेज कार्यशाला, प्रदर्शनी र पुरस्कार २०२५' कार्यक्रम आयोजना गरेको छ।

मिथिला सेन्टर युएसएले अपन फाउन्डेसनको सहकार्यमा न्युयोर्क तिब्बती सेवा केन्द्रमा कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा विभिन्न समुदायका ४० भन्दाबढी बालबालिकाको सहभागिता थियो। बालबालिकाले संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य १५ मा आधारित रहेर 'जीवन र प्रकृति' विषयमा आयोजित सिर्जनात्मक कला कार्यशालामा उत्साहपूर्वक भाग लिएका थिए। प्रसिद्ध मिथिला कलाकार एससी सुमनले बालबालिकालाई कलामार्फत वातावरणीय सन्देशहरू व्यक्त गर्न सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा सहभागी सबै बालबालिकालाई न्युयोर्क राज्यसभा सदस्य स्टीवन रागाकोतर्फबाट प्रमाणपत्रसमेत प्रदान गरिएको आयोजकले जनाएको छ। यस्तै, लोककलामार्फत मिथिला सम्पदाको प्रवर्द्धन गरेको भन्दै कलाकार सुमनलाई र मिथिला सम्पदाको सौन्दर्यलाई जीवन्त तस्बिरमा उतार्ने फोटोग्राफर राज काफ्लेलाई पनि विशेष सम्मान गरिएको थियो।

सहभागी बालबालिकाले कोरेका तीन कलाकृतिका लागि रश्मी गिरी, तेन्जिन ल्हाजे किङ्गा र अष्टिन शाहलाई उत्कृष्ट छनोट गरिएको थियो। तीनै जनालाई ट्रफी, प्रमाणपत्र र उपहार प्रदान गरिएको मिथिला सेन्टर युएसएका संस्थापक अध्यक्ष तथा कार्यकारी निर्देशक अमितप्रताप शाहले जानकारी दिनुभयो। उहाँले यस्तो कार्यक्रमले मिथिला सांस्कृतिक सम्पदाको संरक्षणका साथै नयाँ पुस्तालाई विश्वव्यापी विकास लक्ष्यहरूमा संलग्न गराई महत्वपूर्ण सन्देश प्रवाह भएको बताउनुभयो।

कार्यक्रममा न्युयोर्क सिटी मेयर कार्यालयका दक्षिण एशियाली समुदाय समन्वयकर्ता सुकरानी धनपुतले मेयरद्वारा जारी गरिएको मिथिला संस्कृति दिवसको आधिकारिक घोषणापत्र प्रस्तुत गर्दै आयोजक टोलीको कामको उच्च प्रशंसा गर्नुभयो। त्यस्तै, न्युयोर्क राज्यसभा सदस्य स्टीवन रागाको कार्यालयका समुदाय निर्देशक दोल्मा लामाले कार्यक्रमप्रति समर्थन जनाउँदै सम्मानपत्र प्रदान गर्नुभयो।

न्युयोर्क तिब्बती सेवा केन्द्रका कार्यक्रम निर्देशक तेञ्जिङ छिरिङले यस्तो अन्तरसंस्कृति कार्यक्रम आफ्नै केन्द्रमा आयोजना हुन पाउँदा गौरव महसुस भएको बताउनुभयो।

कार्यक्रममा प्रमुख कलाकार सुमनले प्रवासी बालबालिकासँग आफ्नो ज्ञान बाँड्न र संस्कृतिप्रति जागरुक गराउन महत्वपूर्ण अवसर प्रदान गरिएको भन्दै आयोजकलाई धन्यवाद दिनुभयो। कार्यक्रम संयाजक प्रज्ञा पन्थीले बालबालिकाले कार्यशालाबाट कला र दिगो विकास लक्ष्यको ज्ञान प्राप्त गरेको बताउनुभयो।

कार्यक्रममा कलाकारहरू एससी सुमन, प्रतीक रायमाझी, शिवाङ्गी सिंह, सुभाद्री सुभा र राखी कर्णका जैविक विविधता, प्रकृति र वातावरणीय चेतनाबारेका मिथिला चित्रकलाको प्रदर्शनीसमेत गरिएको थियो।


## राजविराज नगरपालिका

३ नं.वडा कार्यालय

राजविराज,सप्तरी

मधेश प्रदेश,नेपाल

पत्र संख्या: २०८१/०८२

चलानी नं: ४००

मिति २०८२।०१।०५

विषय : सूचना सूचना सूचना

३ नं वडा कार्यालय रा.वि.न.पा. बाट जारी भएको सूचना

जिल्ला सप्तरी, राजबिराज नगरपालिका साविक वाडा नं ४ हाल वडा नं ३ बस्ने युवराज ठकुरीले तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०८२।०१।०५ मा द.न.३६३ को निवेदन दिएको हुंदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.बि.न.पा. वडा नं ४ हाल ३ बस्ने स्व.तुलसी कुमारी हमाल नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.बि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजबिराज | ५क | १५०३ | ०–०–५ |
| सप्तरी | तेरहौता | ५ख | १५१ | ०-५-१६ |

जि.स.रा.बि.न.पा. वडा नं ४ हाल ३ बस्ने स्व.विना कुमारी ठकुरी नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.बि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजबिराज | ५क | १५०२ | ०–०–५ |

अनिल कुमार दास
वडा अध्यक्ष

अनिल कुमार दास
वडा अध्यक्ष
रा.वि.न.पा. वडा नं. ३


## विश्व समाचार

# युक्रेन र अमेरिकाद्वारा सयुक्त समझदारी पत्रमा हस्ताक्षर

यूक्रेन, ५ वैशाख (रासस/एएफपी)।

युक्रेन र संयुक्त राज्य अमेरिकाले बिहीबार किएभको प्राकृतिक स्रोत तथा खनिजमा अमेरिकाको पहुँच रहने सम्झौतासहितको समझदारी पत्रमा हस्ताक्षर गरेको किएभ स्रोतले जनाएको छ।

युक्रेनको पुनर्निर्माणका लागि आर्थिक साझेदारी सम्झौता र लगानी कोषको स्थापनाका अमेरिकी समझदारी पत्रमा हस्ताक्षर भएको घोषणा गर्न पाउँदा खुसी भएको युक्रेनकी प्रथम उपप्रधानमन्त्री युलिया स्विरिडेन्कोले सामाजिक सञ्जाल एक्समार्फत बताउनुभएको छ।

किएभ र वासिङ्टनले केही हप्ताअघि युक्रेनको खनिज उत्खनन् गर्ने सम्झौतामा हस्ताक्षर गर्ने योजना बनाएकोमा गत फेब्रुअरीमा राष्ट्रपति डोनाल्ड ट्रम्प र भोलोदिमिर जेलेन्स्कीबिच उत्पन्न असमझदारीले सम्झौता प्रक्रियामा अवरोध पुर्‍याएको थियो।

ट्रम्पल भने पुर्व अमेरिकी राष्ट्रपति बाइडेनले युक्रेनलाई दिएको सहायताको क्षतिपूर्तिको रूपमा युक्रेनी स्रोत साधनको उत्खननबाट हुने नाफामा अमेरिकी रोयल्टी भुक्तानी चाहेको बताइएको छ।

युलिया स्विरिडेन्कोले समझदारी पत्रको विवरण प्रकाशित नगरी अन्तिम सम्झौता कायम र सुरक्षित गर्न निरन्तर काम जारी रहेको बताउनुभएको छ। "युक्रेनको पुनर्निर्माण, पूर्वाधार विकास व्यापार सहयोग र आर्थिक अवसरका लागि लगानी आकर्षित गर्न यो कोष प्रभावकारी माध्याम बन्ने आशा छ" उहाँले भन्नुभयो।

अमेरिकी अधिकारीहरूले युक्रेनमा अमेरिकी व्यापारलाई बढावा दिनाले युद्धविराम कायम गरी रुसलाई भविष्यको आक्रमणबाट रोक्न मद्दत गर्ने बताएका छन्। किएभले भने निरन्तर रुपमा चलिरहेको युद्ध रोक्नका लागि सम्झौता तथा सैन्य सुरक्षा ग्यारेन्टीको लागि दबाब दिइरहेको छ।

# हमास गाजा युद्ध अन्त्य गर्ने कैदी आदान-प्रदान सम्झौताका लागि तयार

गाँजा, ५ बैशाख (रासस/सिन्ह्वा)।

हमासले गाजा युद्ध रोक्नको लागि इजरायली बन्धकलाई प्यालेस्टिनी कैदीहरूसँग साटासाट गर्ने सम्झौतामा वार्ता गर्न तयार रहेको बताएको छ। हमासले तत्काल प्याकेजमा वार्ता सुरु गर्न तयार रहेको जनाउदै प्यालेस्टिनी कैदीहरूलाई रिहा गरेको गाजाका लागि हमासका प्रमुख खलील अल-हयाले एक भिडियोमार्फत जनाउनु भएको छ। यो प्रक्रिया युद्धको समाप्ति, गाजाबाट इजरायली सेना फिर्ता तथा पुनर्निर्माणको सुरुवात र इजरायली घेराबन्दीको अन्त्यको लागि भएको अल-हय्याले बताउनुभएको छ।

उहाँले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र इजरायली सरकारलाई नेतन्याहुको 'युद्ध जारी राख्ने राजनीतिक एजेन्डाको सम्झौतालाई प्रयोग गरेको आरोप लगाउदै हमास यो नीति कार्यान्वयनको हिस्सा नबन्ने' बताउनुभएको छ। इजिप्ट र कतारी वार्ताकारहरूले हमासलाई प्रस्ताव गरेको सम्झौतामा करिब १० जना बन्धकहरूको रिहाइ र अस्थायी युद्धविराम समावेश छ। हमासले विज्ञप्तिमार्फत प्रस्तावको समीक्षा गर्दै आन्तरिक परामर्श पूरा गरेपछि आफ्नो प्रतिक्रिया पेस गर्ने जनाएको छ।

गत मङ्गलबार भएको इजरायली हमलापछि बुधबार नेतान्याहुको कार्यालयले गाजामा अझै पनि बन्धकहरूको रिहाइका लागि 'कदम जारी राख्न' इजरायली वार्ताकारहरूलाई निर्देशन दिएको बताएको छ। इजरायलले हमाससँगको दुई महिने युद्धविरामपछि मार्च १८ मा गाजामा आक्रमण पुन: सुरु गरे देखि एक हजार ६९१ जनाको मृत्यु हुनुका साथै चार हजार ४६४ घाइते भएको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन्।

# युक्रेन युद्धविरामबारे केही दिनभित्रै निर्णय गरिनुपर्ने रुबियोको भनाइ

पेरिस, ५ वैशाख, (रासस/एएफपी)।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले युरोपेली अधिकारीहरूसँगको बैठकपछि पेरिसबाट बाहिरिने क्रममा वासिङ्टनले युक्रेन युद्धविराम सम्भव छ कि छैन भनेर चाँडै निर्णय गर्नुपर्ने बताउनु भएको छ।

उहाँले बोर्गेट विमानस्थलमा पत्रकारहरूसँग भन्नुभयो, "हामीले अब केही दिनभित्रै यो काम गर्न सकिन्छ कि सकिँदैन मुल्याङ्कन गर्नु आवश्यक छ, किनभने यदि त्यसो भएन भने मलाई लाग्छ कि हामी अन्य योजनाका साथ अगाडि बढ्नेछौं।"

"यदि युद्धविराम सम्भव भएन भने हामीले ध्यान दिनुपर्ने अन्य प्राथमिकताहरू पनि छन्।" विदेशमन्त्री रुबियोले भन्नुभयो, "अमेरिकाले विगत तीन वर्षदेखि युक्रेनलाई सहयोग गरिरहेको छ र हामी यसको अन्त्य चाहन्छौं, तर यो हाम्रो युद्ध होइन।"

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन वार्तापछि शान्ति वार्ता सुरु गर्न सहमत भएपछि किएभ र युरोपेली सहयोगीहरूलाई बेवास्ता गरेका छन् भने युरोपेली शक्तिहरू वार्तामा बस्न चाहिरहेका छन्।

युद्ध अन्त्यका लागि ट्रम्पको प्रयास असफल भएको छ र पुटिनले पूर्ण युद्धविरामको खण्डन गर्नुभएको छ। रुबियोले युरोपेली अधिकारीहरूले बिहीबार भएको वार्तामा 'आफ्ना विचारहरूमा निकै सहयोगी र रचनात्मक' बनेको बताउनु भएको छ। "हामी चाहन्छौं उनीहरूले वार्तामा समन्वयकारी भूमिका खेल्नेछन्। मेरो विचारमा बेलायत, फ्रान्स र जर्मनीले हामीलाई वार्ता अघि बढाउन मद्दत गर्न सक्छन् र त्यसपछि यसलाई समाधानको नजिक पुर्‍याउन सकिन्छ," उहाँले भन्नुभयो।

सन् २०२२ मा युक्रेनमाथि आक्रमण गरेपछि रुसले लगाएको प्रतिबन्ध फुकुवा गर्न युरोपेली मुलुकहरूले विचार गर्ने पनि आफूले आशा व्यक्त गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "रुसविरुद्धको प्रतिबन्धको एउटा हिस्सा र यदि यो सम्झौताको भाग हो भने तीमध्ये धेरै युरोपेली प्रतिबन्धहरू हुन् जसलाई हामी हटाउन सक्दैनौं।" युरोपेली मुलुकहरूले गत महिना रुसमाथिको प्रतिबन्ध फुकुवा गर्नुको साटो बढाउने सहमति गरेका थिए।

# संघीयता स्थापनाको आठ वर्षमा उल्लेखनीय प्रगति भएको छ : मुख्यमन्त्री सिंह

धनुषा, ५ वैशाख (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सङ्घीयता स्थापनाको आठ वर्षमा देशमा उल्लेखनीय प्रगति भएको बताउनुभएको छ।

धनुषाको लालगढमा मधेस प्रदेशसभा सचिवालयको आयोजनामा बिहीबारदेखि सुरु भएको तीनदिने 'उपसभामुखहरूको राष्ट्रिय सम्मेलन तथा अनुभव आदानप्रदान' उहाँले सङ्घीयताको जगमा मधेसका वीर सन्तानको बलिदान भएको उल्लेख गर्नुभयो।

सङ्घीय शासन प्रणालीमाथि भइरहेको योजनाबद्ध षड्यन्त्र र गलत प्रचारप्रति गम्भीर चिन्ता व्यक्त गर्दै मुख्यमन्त्री सिंहले त्यसको प्रतिकार गर्न सबै पक्ष एकजुट हुनुपर्ने विचार व्यक्त गर्नुभयो। "हिजो अधिकारका लागि गरिएका आन्दोलनले शुक्रबार गाउँगाउँमा शिक्षा, स्वास्थ्य, पूर्वाधार र जनसुविधालाई गति दिएको छ", उहाँले भन्नुभयो, "सङ्घीयतालाई बदनाम गर्ने र यो प्रणाली खर्चिलो भनेर गलत सन्देश फैलाउन सक्रिय छन्। अब तिनीहरूलाई काम गरेर जवाफ दिनुपर्ने बेला आएको छ।"

सातै प्रदेशका उपसभामुखहरूको सहभागितामा भइरहेको सम्मेलनबाट सङ्घीयता सुदृढ पार्ने, नीति सुधार गर्ने र संविधानको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने दिशामा ठोस निर्णय हुने उहाँले आशा व्यक्त गर्नुभयो।

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले सङ्घीयता लागू भएपछि गाउँगाउँमा विकासको लहर आएको उल्लेख गर्दै त्यसको प्रचारप्रसार प्रभावकारी रूपमा गर्न जरूरी रहेको बताउनुभयो। उहाँले सङ्घीयताको सन्देश जनस्तरसम्म पुर्‍याउन सके त्यसप्रति विश्वास अझ मजबुत हुने विश्वास व्यक्त गर्नुभयो।

सम्मेलनमा विशिष्ट सहभागी राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले मधेस प्रदेशलाई सङ्घीयताको आधार भूमि भन्दै उपसभामुखहरूको सम्मेलन आयोजना गरेर उदाहरणीय पहल लिएको बताउनुभयो।

संविधानविद् काशीराज दाहालले हरेक शासन प्रणालीको मूल लक्ष्य सुशासन, समृद्धि र सेवा प्रवाह भएको भन्दै सङ्घीयता सफल पार्न सबै तह र पक्ष एकजुट भएर अघि बढ्नुपर्ने धारणा राख्नुभयो।

तीनदिने सम्मेलन मधेस प्रदेशका उपसभामुख बबिता राउत ईसरको अध्यक्षतामा भइरहेको छ। सम्मेलनमा कोशी प्रदेशकी उपसभामुख सृजना दनुवार, बागमतीकी अप्सरा चापागाईं, गण्डकीकी विनाकुमारी थापा, लुम्बिनीकी मेनुका खाण केसी, कर्णालीकी यशोदा न्यौपाने र सुदूरपश्चिम प्रदेशको कोइलीदेवी चौधरीसहित सातै प्रदेशका उपसभामुखहरूको सक्रिय सहभागिता रहेको छ।

'संसदीय अभ्यासमा उपसभामुखहरूको भूमिका तथा नीतिगत सुधारका आवश्यकता' भन्ने मूल नाराका साथ आयोजित यस सम्मेलनको अन्त्यमा 'जनकपुर घोषणापत्र' जारी गरिने कार्यक्रम रहेको उपसभामुख ईसरले बताउनुभयो।

घोषणापत्र मार्फत उपसभामुखहरूको भूमिकालाई थप प्रभावकारी बनाउने रणनीति तय गरिने अपेक्षा गरिएको छ। सङ्घीयता सुदृढ पार्न र लोकतान्त्रिक संस्थाहरूलाई जनमुखी बनाउने प्रयासस्वरूप आयोजना गरिएको यो सम्मेलनले राष्ट्रियस्तरमै बहस र सहकार्यको नयाँ बाटो खोल्ने विश्वास लिइएको छ।

# आगलागीमा ६० लाख बराबरको क्षति

**दैनिक समाचारदाता**
**सुनसरी, ५ वैशाख।**

सुनसरीको कोशी गाउँपालिका-६ मा बिहीबार आगलागी हुँदा रु ६० लाख बराबरको क्षति भएको छ।

गाईवस्तुको भिङ्गा र लामखुट्टे धपाउन बालेको आगो (घुरा) ले आगलागी हुँदा पाँच परिवारका १० वटा घर जलेर नष्ट भएको थियो। जसमा रु ६० लाख बराबरको क्षति भएको स्थानीय वीरेन्द्रकुमार यादवले बताए।

स्थानीय बाबुनन्द गोइत, रमानन्दराम यादव, मनोज यादव, खुसीलाल गोइत र विजय गोइतका घर जलेर नष्ट हुँदा रु ६० लाख बराबरको क्षति भएको उनले जानकारी दिए।

आगलागीमा स्थानीय बाबुनन्द गोइतको रु एक लाख नगद नै जलेर नष्ट भएको छ। त्यसैगरी, आगलागीमा घरभित्र रहेका फर्निचरसहित सम्पूर्ण सामग्री, सुनचाँदीलगायत जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालयका सहायक प्रवक्ता तथा प्रहरी निरीक्षक दिनेश अधिकारीले जानकारी दिए।

स्थानीय बाबुन्दको घरबाट आगलागी भएको थियो। नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीयवासी, कोशी गाउँपालिकाको बारुणयन्त्रको सहयोगमा आगो निभाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# 'भूमिहीन नागरिकको समस्या भूमि समस्या समाधान आयोगबाट हुन्छ'

काठमाडौँ, ५ वैशाख (रासस)।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले मुक्त कमैया, हलिया, हरवाचरवालगायत भूमिहीन नागरिकको समस्या भूमि समस्या समाधान आयोगको प्रक्रियाबाट गरिने बताउनुभएको छ।

राष्ट्रिय कृषि बँधुवा मजदुर सङ्घर्ष समितिको टोलीसँग शुक्रबार सिंहदरबारस्थित मन्त्रालयको सभाहलमा भएको छलफलमा उहाँले सरकारले विसं २०७६ मा मुक्त कमैया, हलिया, हरवाचरवालगायत भूमिहीन नागरिकका समस्या समाधान भइसकेको घोषणा गरेकाले अब अन्य उपायबाट बाँकी समस्या समाधान गर्दै जाने बताउँदै यो चुनौतीपूर्ण रहेको उल्लेख गर्नुभयो।

मन्त्री अधिकारीले समस्या समाधानका लागि अन्य उपायबारे छलफल गर्न सकिए पनि तत्काललाई आयोगको विधि र प्रक्रियाअनुसार आउन सबैलाई आग्रह गर्नुभयो। "हालसम्म मुक्त घोषणा गरिएका जति पनि समुदाय छन् तिनका अधिकारका लागि सरकार संवेदनशील छ, तर विशेष व्यवस्थासहित समस्या समाधान गर्न सकिने अवस्था छैन। त्यसैले यहाँहरू सबैले आयोगको प्रक्रियाबाट आउनु आवश्यक छ, त्यसमा मन्त्रालयले आवश्यक सहजीकरण गर्छ", उहाँले भन्नुभयो, "त्यसबाहेक सरोकार भएका निकाय र समूहसँग छलफल गरी अन्य कुनै निष्कर्षमा पुग्नेबारे बहस गर्नेछौँ, त्यसका लागि पनि मन्त्रालय तयार छ।"

सङ्घर्ष समितिका प्रतिनिधिहरूले सरकारले तत्कालीन अवस्थामा आन्दोलनकारीसँग गरेका सहमतिअनुसार समस्या समाधान गरिनुपर्नेमा जोड दिनुभएको थियो। "विभिन्न समयमा भएका आन्दोलनपछि सरकारले मुक्तिको घोषणा गरेको थियो। सरकार आफैंले दुई प्रतिशत मुक्तकमैया र आठ प्रतिशत हलियाको समस्या समाधान हुन बाँकी छ भनेर स्वीकारेको छ। मुक्त हरवाचरवा पुनःस्थापनाको काम सुरु भएको छैन। मुक्त कम्लहरीको समस्या उस्तै छ। त्यसैले यी सबै समस्या नयाँ ढङ्गले समाधान गरिनुपर्छ", वक्ताहरूको भनाइ थियो।

सरकारले विसं २०५७ साउन २ गते कमैया, विसं २०६५ भदौ २१ गतेको हलिया, विसं २०७० साउन ३ गते कम्लरी र विसं २०७९ साउन २ गते हरवाचरवा मुक्तिको घोषणा गरेको थियो।

# प्रि-मनसुन अवधिमा ४१ जनाको मृत्यु, दुई सय ५७ घाइते

काठमाडौँ, ५ वैशाख (रासस)।

यस वर्षको प्रि-मनसुनको हालसम्मको अवधिमा विपद्‌जन्य घटनामा परी ४१ जनाको मृत्यु भएको छ। दुई सय ५७ जना घाइते भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणले जनाएको छ।

प्राधिकरणका अनुसार यस अवधिमा करोडौँ रुपैयाँ बराबरको क्षति भएको छ। मुलुकमा अहिले प्रि-मनसुनको अवधि छ। साधारणतया मध्य फागुनदेखि मध्य जेठसम्म अर्थात् अङ्ग्रेजी महिनाको मार्च देखि मे महिनासम्मको समयलाई प्रि-मनसुन भनिन्छ। प्राधिकरणका अनुसार प्रि-मनसुनमा स्थानीय वायुको प्रभावले सामान्यतया दिउँसो, साँझपख र राति मौसम खराब भई नेपालका केही स्थानमा असिना पर्ने, हुरीबतास चल्ने, मेघगर्जन र चट्याङ पर्नेजस्ता मौसमी गतिविधि हुने गर्छ।

प्राधिकरणले शुक्रबार सूचना जारी गर्दै हाल देशमा मुख्यतया स्थानीय वायु तथा पश्चिमी वायुको प्रभावले केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम खण्डित वर्षा भइरहेको जनाएको छ। यो अवस्था अझै केही दिन रहने छ। जल तथा मौसम विज्ञान विभागका निकायबाट जारी हुने विपद्सम्बन्धी सूचना, पूर्वानुमान एवं चेतावनीको पालना गर्न, विपद्बारे चासो राखी चनाखो बनी विपद् सुरक्षित नेपाल निर्माणमा साथ सहयोग पुर्‍याउन प्राधिकरणले सबैमा अनुरोध गरेको छ।

संवैधानिक प्रावधान तथा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम हुँदै आएको छ। यसका लागि स्थापित कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र स्थानीयदेखि केन्द्रसम्म क्रियाशील संस्थागत संरचना तथा संयन्त्रको प्रभावकारी परिचालन जरुरी रहेको प्राधिकरणले जनाएको छ।

### सरकार परिवर्तनको ...

आग्रह गर्नुभएको छ।

चितवनको इच्छाकामना गाउँपालिकाको प्रशासकीय भवनको शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशमा स्थिरता, विकास र सुशासन दिनका लागि इतिहास बोकेका ठूला दलहरु एकसाथ मिलेर यो सरकार बनेकाले सरकार आफ्नो लक्ष्य र गन्तव्यमा सुस्पष्ट रहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "देशलाई सुशासनयुक्त बनाउन, नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन हामी पूर्ण रुपमा लागेका छौँ। तपाईंहरु पनि ढुक्कका साथ यस अभियानमा लाग्नुस्। सबै मिलेर देश बनाऔँ।" उहाँले नयाँ भवनबाट गाउँपालिकाको सुशासन र सेवा प्रवाहका काममा सहजता आउने विश्वास पनि व्यक्त गर्नुभयो।

कार्यक्रममा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, बागमती प्रदेशका प्रमुख दीपकप्रसाद देवकोटालगायत सहभागी हुनुहुन्थ्यो।

### विकास निर्माण ...

जस्ता सधै पानि बग्ने नदीबाट स्थायी रुपमा सिंचाई गर्न सकिने भएकाले त्यस्तो योजनाहरु अगामी बजेटमा समावेश गराउन उहाँले साँसद यादवलाई सुझाव समेत दिए।

जनता माध्यमिक विद्यालयका पुर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष चितरंजन यादवले भौतिक पुर्वाधारको अभावमा विद्यालयको प्राविधिक शिक्षा संचालनमा समस्या हुँदै आएकोले सुविधा सम्पन्न प्राविधिक शिक्षालय भवन र ल्याव निर्माण गर्नुपर्नेमा जोड दिए।

विद्यालयका सेवा निवृत्त शिक्षक बमभोला प्रसाद यादवले शैक्षिक स्तरलाई माथि उठाउन विद्यालयको पुर्वाधार निर्माण आवश्यक रहेको तर यस प्रति स्थानिय सरकारले पनि चासो नदेखाएको गुनासो गरे।

"विद्यालयमा प्राविधिक शिक्षा संचालनमा छ तर, उपुक्त ल्याव छैन, त्यसले विद्यार्थीलाई समस्या भईरहेको छ" यादवले भने, "पुर्वाधार निर्माण र इन्जिनियरिंगको स्नातकतह सम्मको पढाई संचालन हाम्रो प्रमुख माग हो, यसको लागि पहल गरिदिनुस्।"

विकास निर्माण प्रति स्थानियको चासो र गुनासो सन्तुहुँदै संघीय साँसद यादवले आम जनताबाट उठाईएका समस्याहरुलाई समाधानका लागि आफूले सक्दो पहल गर्ने आश्वासन दिए।

उनले अवको केही दिन पछि सरकारले नीति तथा कार्यक्रम ल्याउने हुँदा छलफलमा उठेका विषयहरुलाई आउने बजेट मार्फत सम्बोधन हुनेगरि आफूले ताल्लुक मन्त्रालयमा गरेर प्रयास गर्ने तथा यी विषयहरुले बजेटमा प्राथमिकता पाउने विश्वास व्यक्त गरे।

"विद्यालयको भवन निर्माण देखि सिंचाई, सडक जस्ता पुर्वाधार प्रति स्थानियको चासो र गुनासो जायज हो, यसको लागि म सम्बन्धित निकायमा पहल गर्नुछु" साँसद यादवले भने।

सैयौं स्थानियको सहभागितमा भएको छलफलमा जमुनी मध्येपुरा गाविसका पुर्व अध्यक्ष मौजेलाल यादव, सेवा निवृत्त शिक्षक भागवत यादव, विद्यालय व्यवस्थापनि समितिका पुर्व अध्यक्ष राजु यादव र जयनारायण यादव, स्थानिय प्रेमनारायण यादव सहितकाले विकास निर्माण प्रति सुझाव दिएका थिए।


## भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

# Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
- CC Camera को निगरानीमा पठनपाठन गराइने।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३८२३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*